"सहजता, शुद्धता र पारदर्शिता नेपाल आयल निगम लिमिटेडको प्रतिवद्धता"

नेपाल आयल निगम लिमिटेड

केन्द्रीय कार्यालय, टेकू ।

प्रेस विज्ञप्ति

मितिः २०७९।०३।२०

१. रसिया - युक्रेन युद्धबाट सिर्जना भएको विश्व उर्जा संकटका माझ पछिल्लो १५ दिनमा प्रशोधित पेट्रोलियम पदार्थहरूको अन्तर्राष्ट्रिय बजार मूल्यमा भएको बृद्धि अनुरुप इण्डियन आयल कर्पोरेशन लिमिटेडबाट तारिख १ जुलाई,२०२२ (असार १७,२०७९) मा प्राप्त नयाँ मूल्यसूची अनुसार विक्री मूल्य समायोजन गर्नुपर्ने देखिएको छ।

२. पेट्रोलियम पदार्थहरूको लागत मूल्य निरन्तर बढिरहेको हुँदा खरिद वापत भुक्तानी गर्न नसकेको बक्यौता रकम समेत बढ्दै गई आगामी जुलाई ०८,२०२२ (असार २४, २०७९) सम्ममा करिव रु. ३० अर्ब पुग्न जाने, यस किसिमको आर्थिक संकटलाई केही भएपनि कम गर्न निगम व्यवस्थापनको आज मिति २०७९/०३/२० को निर्णयानुसार आज राति १२:०० बजेदेखि लागू हुने गरी साविकको खुद्रा विक्री मूल्यको पेट्रोलमा प्रति लिटर रु. २/-, डिजेल/मट्टितेलमा प्रति लिटर रु.९/- र हवाई इन्धन (आन्तरिकतर्फ) प्रति लिटर रु.५/- ले वृद्धि गरी देहाय बमोजिम कायम गरिएको छ :-

क्र.सं.	पेट्रोलियम पदार्थ	खरीद लागत (रु. प्रति लिटर)	हालको बिक्री मूल्य (रु. प्रति लिटर/सिलिण्डर)	मिति २०७९/०३/२० को राति १२:०० बजेदेखि लागू हुने गरी कायम गरेको नयाँ खुद्रा बिक्री मूल्य (रु. प्रति लिटर/सिलिण्डर)
१.	पेट्रोल	२११।११	१७९।००	१८१।००
२.	डिजेल	२१०।६१	१६३।००	१७२।००
३.	मट्टितेल	१६८।९७	१६३।००	१७२।००
४.	हवाई इन्धन (आन्तरिक)	१७६।१७	१८५।००	१९०।००
५.	हवाई इन्धन (बाह्य)	१५२।४९	ऽ १।६४५	ऽ १।६४५
६.	एल. पी. ग्यास (प्रति सिलिण्डर)	२,३७१।७८	१,८००।००	१,८००।००

३. लागत अनुरुप मूल्य समायोजन हुन नसकेको कारणबाट पेट्रोलियम पदार्थ खरिद वापत इण्डियन आयल कर्पोरेशनलाई तिर्नुपर्ने बक्यौता रकम बढ्दै जाने देखिएको हुँदा आपूर्ति व्यवस्था सहज बनाइ राख्न दिन प्रति दिन निगमलाई चुनौती थपिदै गएको छ ।

४. विदेशी मुद्रा खर्च गरी महंगो मूल्यमा आयात गर्नुपर्ने पेट्रोलियम पदार्थको प्रयोग सकेसम्म कम गरी विद्युत लगायतका स्वदेशी ऊर्जाको खपत बढाउनुपर्ने राष्ट्रिय आवश्यकतालाई आम उपभोक्ताहरुले समेत मनन गर्नु हुनेछ भन्ने विश्वास निगमले लिएको छ ।

धन्यवाद् ।

२०७९।०३।२०